# कटहरी गाउँपालिकाको राजपत्र प्रकाशानसम्बन्धी कार्यविधि, २०७५

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

# कटहरी गाउँपालिकाको कार्यालय

# कटहरी, मोरंग

# कटहरी गाउँपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७५

## कटहरी गाउँ कार्यपालिकाबाट २०७५ जेष्ठ २२ गते पारित

**प्रस्तावना:**

नेपालको संविधान तथा कटहरी गाउँपालिकाको सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड कटहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक कटहरी गाउँपालिकाको राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, कटहरी गाउँपालिकाको राजपत्रमा रहने विभिन्न भागहरूको व्यवस्था गर्न, कटहरी गाउँपालिकाको राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, कटहरी गाउँपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, कटहरी गाउँपालिकाको राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न कटहरी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम कटहरी गाउँकार्यपालिकाको मिति २०७५ बैशाख ०३ गते बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग - १

### प्रारम्भिक

**१. कार्यविधिको नाम**

यस कार्यविधिको नाम **कटहरी गाउँपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७५** रहेको छ ।

**२. कार्यविधि लागू हुने**

यो कार्यविधि कटहरी गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### भाग - २

### कटहरी गाउापालिकाको राजपत्रको भाग र ढाँचा

**३. कटहरी गाउँपालिकाको राजपत्रको भागहरू**

कटहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची - १ बमोजिमका भागहरूमा वर्गीकरण गरिएको छ ।

## ४. कटहरी गाउँपालिकाको राजपत्रको ढाँचा

कटहरी गाउँपालिकाको राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ५. खण्डको व्यवस्था

कटहरी गाउँपालिकाको राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जति वर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन
गरिनेछ ।

## ६. कटहरी गाउँपालिकाको राजपत्रको संख्या

(१) कटहरी गाउँपालिकाको राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

## ७. कटहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने सामग्री

कटहरी गाउँपालिकाको राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तैः ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

## ८. कटहरी गाउँपालिकाको राजपत्र प्रकाशन गर्ने अधिकारी

कटहरी गाउँपालिकाको राजपत्र कटहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा "आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

कटहरी गाउँपालिका [illegible]
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

## भाग – ३

## कटहरी गाउँपालिकाको राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

### ९. कटहरी गाउँपालिकाको राजपत्र प्रकाशनको जिम्मेवारी

(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई कटहरी गाउँपालिकाको राजपत्र प्रकाशनसम्बन्धी कामका लागि कार्य विवरणसहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र कटहरी गाउँपालिकाको राजपत्र प्रकाशन गरिनेछ ।

### १०. प्रकाशनपूर्व सम्पादन गर्नुपर्ने

(१) प्रकाशन हुने सामग्री गाउँकार्यपालिकाको कानूनसम्बन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

### ११. कटहरी गाउँपालिकाको राजपत्रको अभिलेख व्यवस्थापन

(१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेखदुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिमकटहरी गाउँपालिकाको राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

### १२. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने

गाउँपालिकाले कटहरी गाउँपालिकाको राजपत्रको प्रकाशितप्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा कटहरी गाउँपालिकाको मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

(घ) सम्बन्धित कटहरी गाउँपालिकाको विभाग/महाशाखा/शाखा र

(ङ) गाउँपालिकाको प्रत्येक वडा कार्यालय

## १३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने

गाउँपालिकाबाट प्रकाशित कटहरी गाउँपालिकाको राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

## १४. विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य

(१) प्रकाशित कटहरी गाउँपालिकाको राजपत्र गाउँपालिकाको वडाहरू र कटहरी गाउँपालिकाको तहको सूचना तथा अभिलेख केन्द्र तथा  तोकिएको शाखा वा एकाइमार्फत् विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) कटहरी गाउँपालिकाको राजपत्रको  देहाय बमोजिमकोबिक्री मूल्य निर्धारण गरिएको छ,

(क) बार्षिक सदस्य बनाई बिक्री गर्दा वडा कार्यालय वा कटहरी गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु. ५९०/- (पाँच सय नब्बेमात्र)

(ख) खुद्रा बिक्री गर्दा कटहरी गाउँपालिकाको राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले कटहरी गाउँपालिकाको राजपत्र लिन  चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेजसम्म एकप्रतिको — रु. ५ मात्र
- ९ देखि २४ पेजसम्म एकप्रतिको — रु. १० मात्र
- २५ देखि ४० पेजसम्म एकप्रतिको — रु. १५ मात्र
- ४१ देखि ५६ पेजसम्म एकप्रतिको — रु. २० मात्र
- ५७ देखि ७२ पेजसम्म एकप्रतिको — रु. २५ मात्र
- ७३ देखि ९६ पेजसम्म एकप्रतिको — रु. ५० मात्र

- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रतिपेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**द्रष्टब्य:** माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । कटहरी गाउँपालिकाको सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

## १५. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने

कटहरी गाउँपालिकाको राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिका/नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

## १६. **कार्यविधिको व्याख्या**

यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिका/नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

## १७. **बचाऊ**

यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

# अनुसूची - १

(दफा ३ सँग सम्बन्धित)

## कटहरी गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरू

### भाग - १

यस भागमा कटहरी गाउँपालिकाको सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरू प्रकाशन गरिनेछ ।

### भाग - २

यस भागमा गाउँ/नगर कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को कटहरी गाउँपालिकाको तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

कटहरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

## अनुसूची – २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**कटहरी गाउँपालिका**

# कटहरी गाउँपालिकाको राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-१**

**कटहरी गाउँपालिका**

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत

कटहरी गाउँपालिकाको कार्यालय
कटहरी, मोरङ
प्रदेश नं. १, नेपाल

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

कटहरी गाउँपालिका

# कटहरी गाउँपालिकाको राजपत्र

खण्डः...                 संख्याः...                 मितिः ..../../..

**भाग-२**

**कटहरी गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को कटहरी गाउँपालिकाको तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत